भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.स.: २०७७/०७८ आर्थिक विकास महाशाखा/ कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा
च.नं.:

## साना सिंचाई कार्यक्रमको लागी आवेदन पेश गर्ने वारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०१)

भरतपुर महानगरपालीका आर्थिक विकाश महाशाखा, कृषि तथा पशुपंछी व्यावसाय प्रवर्धन शाखाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भरतपुर महानगरपालीका भित्र साना सिंचाई निर्माण तथा मर्मत सम्भार(बोरिङ्ग, सिंचाई कुलो मर्मत, ड्रिप ईरिगेसन, पानी संकलन पोखरी आदी) कार्यका लागी "भरतपुर महानगरपालीकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" मा तोकिएको मापदण्ड पुरा गरेका कृषक/कृषक समूह/कृषि सहकारी/निजी कृषि फर्म/कृषि उद्यमीले यो सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिन भित्र तपशिल बमोजिमको कागजात सहित कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावनाहरुलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन। कार्यविधि भरतपुर महानगरपालीकाकको वेवसाइटवाट डाउनलोड गर्न सकिने छ। विस्तृत जानकारीको लागी कृषि तथा पशुपंछी व्यवसाय प्रवर्धन शाखामा सम्पर्क गर्न सकिने छ।

तपशिलः

१) कृषक समूह/कृषि सहकारी/कृषि फर्मको माग निवेदन र निर्णयको प्रतिलिपी।
२) कृषक समूह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाण पत्रको प्रतिलिपी।
३) कृषि सहकारीको हकमा अघिल्लो आ.व.को अडिट रिपोर्ट।
४) कर चुक्ता प्रमाणपत्र/नविकरण।
५) सम्वन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी।
६) सम्वन्धित वडा कार्यालय/सेवा केन्द्रको सिफारिस।
७) कम्तिमा १० कट्ठा क्षेत्रफल खुल्ने कागजात।
८) आन्तिरिक राजस्व कार्यालयमा दर्ता भएको संस्थालाई प्राथमिकता दिईने छ।

077/9/1

तेजेन्द्र प्रसाद पौडेल
(वरिष्ठ कृषि अर्थ विज्ञ, रा.प.द्वि.प्रा)
आर्थिक विकास महाशाखा प्रमुख
**उप-सचिव**